# कर्णाली प्रदेश बेरोजगार युवाहरुको समूह मार्फत सामूहिक पशुपन्छी पालन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५

मा.मन्त्रीज्यूबाट स्वीकृत
मिति २०७५/०८/०५ गते

**प्रस्तावना**

कर्णाली प्रदेशमा बेरोजगारीको समस्या बढी भएकोले वेरोजगार समस्या न्यूनीकरण गर्नको लागि प्रदेशले आ.व.०७५/०७६ को नीति तथा कार्यक्रम र वजेट मार्फत ल्याईएको बेरोजगार युवाहरुको समूह मार्फत सामूहिक पशुपन्छी पालन कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन आवश्यक भएकोले कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम कर्णाली प्रदेश बेरोजगार युवाहरुको समूह मार्फत सामूहिक पशुपन्छीपालन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

ख) "निर्देशनालय" भन्नाले प्रदेश पशुपंछी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

ग) "कार्यविधि" भन्नाले कर्णाली प्रदेश बेरोजगार युवाहरुको समूह मार्फत सामूहिक पशुपन्छीपालन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

घ) "समूह" भन्नाले यस कार्यविधि अन्तर्गत रही बेरोजगार युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने कम्तीमा ५ जनाको समूहलाई सम्झनु पर्दछ ।

ङ) "बेरोजगार युवा" भन्नाले बेरोजगार युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ४० वर्ष उमेर पुगेका र आधिकारिक निकायबाट बेरोजगार हो भनी प्रमाणित गरेका युवा सम्झनु पर्दछ ।

च) "अनुदान" भन्नाले वेरोजगार यूवाहरुको समूहले पशुपन्छी तथा पशुपन्छीजन्य बस्तुहरुको उत्पादन विविधिकरण, प्रशोधन र वजारीकरण गर्नका लागि सहयोग पुर्याउन उपलब्ध गराइने नगद तथा बस्तुगत सहयोग सम्झनु पर्दछ ।

छ) "पूर्वाधार" भन्नाले पशुपन्छी तथा पशुपन्छीजन्य व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने गोठ/खोर डिपिङ्ग ट्याङ्क र एक वर्ष भन्दा बढी खप्ने मेशिनरी सामानहरु सम्झनु पर्दछ ।

ज) "परियोजना" भन्नाले यस कार्यक्रममा छनौट भएका पशुपन्छी तथा पशुपन्छीजन्य व्यवसायलाई सम्झनु पर्दछ ।

झ) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र सम्झनु पर्दछ ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रकृया

**३. सूचना प्रवाह तथा प्रस्ताव आव्हान :** सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहाय बमोजिम हुनेछः-

१. कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

२. प्रस्ताव पेश गर्न इच्छुक समूहले अनुसूचि-२ अनुसारको निवेदन साथ तपशिल अनुसारको कागजात पेश गर्नु पर्नेछ :-

१) सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भई सकेको सम्बन्धित संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपि,समुहको निर्णय र विनियम वा विधानको प्रतिलिपि ,

२) दश लाख सम्मको अनुदानमा अनुसुचि ३ (क) अनुसारको प्रस्तावना तथा दश लाख भन्दा माथिको अनुदानमा अनुसूची ३ (ख) अनुसारको प्रस्तावना,

३) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

४) सहकारी हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि,

५) सहकारी हकमा गत आ. व .सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण,

६) सहकारीको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि,

७) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी,

८) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु,

९) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि विस्तृत कार्ययोजना सहितको प्रस्ताव।

**४. प्रस्ताव मूल्याङ्कन तथा छनौट :** प्रस्ताव मूल्याङ्कन तथा छनौट देहाय वमोजिम हुनेछ :-

१. प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिले अनुसूचि-४ को आधारमा रही मूल्याङ्कन फाराम तयार गरी छनौट गर्नु पर्नेछ ।

२. मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछ :-

क) कार्यालय प्रमुखले तोकेको विषयगत अधिकृत - संयोजक

ख) आर्थिक शाखा प्रमुख सम्बन्धित विज्ञ केन्द्र - सदस्य

ग) पशु सेवा विज्ञ केन्द्रको खरिद ईकाइ प्रमुख, - सदस्य-सचिव

३ आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरी सक्नु पर्नेछ ।

४.समितिले आवश्यकता अनुसार आफ्नो काम कार्वाहीलाई बस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उपसमिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ  उपसमितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नु पर्नेछ ।

५. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख) आवश्यकता अनुसार उपसमितिलाई छनौट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ । प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरी सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

६. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

७. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनु पर्नेछ ।

८. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

९.सम्बन्धित कार्यालय र छनौट भएको समूह वीच अनुसूची -५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

**५. पूँजीगत सुधार तथा निर्माण प्रकृया :** पूँजीगत सुधार तथा निर्माण प्रकृया देहाय वमोजिम गर्नु पर्नेछ ।

१. यस कार्यविधि बमोजिम समूहले पूँजीगत सुधार तथा निर्माण सम्बन्धि कार्य गर्दा समूहले प्रचलित सार्वजनिक खरीद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार निर्माण कार्य उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गराउन सक्नेछ ।

२. अनुदान रकम तथा भूक्तानी प्रक्रिया : अनुदान रकम तथा भूक्तानी प्रक्रिया देहाय अनुसार हुनेछ :-

क)अनुदान रकम स्वीकृत बजेटको परिधि भित्र रही दफा...मा उल्लेख भएको कार्यक्रमहरु र मापदण्डको आधारमा उपलब्ध गराईनेछ । पूँजीगत निर्माण सुधार कार्यमा स्वीकृत वजेटको बढीमा ५ प्रतिशत रकम विज्ञ केन्द्रले कन्टीजेन्सीको रुपमा खर्च गर्न सक्नेछ ।

ख) निर्माण कार्यको डिजाईन, ईष्टिमेट, प्राविधिक नाँप जाँच, सुपरिवेक्षण, रनिङ्ग बील तथा कार्य सम्पन्न बील तयारीको लागि मन्त्रालय अन्तर्गतका निकायहरु/स्थानीय तहहरुबाट उपलब्ध हुने ईन्जिनियर / सवईन्जिनियर प्राविधिकबाट गराउने, तर सो जनशक्ति उपलब्ध नभएमा अन्य सरकारी निकायको प्राविधिक जनशक्तिबाट निर्माणको कार्य गराउने र अन्य सरकारी निकायको प्राविधिक पनि उपलब्ध हुन नसक्ने अवस्थामा नेपाल ईन्जिनियरिङ्ग परिषद्बाट ईजाजत प्राप्त ईन्जिनियर /सवईन्जिनियर वा सो कार्यका लागि नेपाल सरकारबाट ईजाजत प्राप्त फर्मबाट सेवा लिन सकिनेछ ।

**६. भुक्तानी प्रकृया :** छनौट भएको समूहलाई बढीमा ३ किस्तामा देहाय अनुसार अनुदान रकम भुक्तानी गरिनेछ ।

क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा २०% कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

ख) ५०% कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३०% पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी,

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरी सकेको हुनु पर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनुपर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुनेछ ।

च) समूहले रनिङ्ग बील तथा तोकिएको निर्माण कार्य सकी कार्य सम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको ७ दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

**७. अनुगमन मुल्याङ्कन :** २२.कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई अनुगमन निरिक्षण गर्न गराउन सक्नेछः

१. निर्देशनालयले प्राप्त प्रतिवेदन उपर आवश्यक अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार सम्बन्धित कार्यालयलाई निर्देशन दिने, मन्त्रालयलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. मन्त्रालयले निर्देशनालयबाट प्राप्त प्रतिवेदन अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार थप अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद -४

**८.** वेरोजगार युवाको समूह छनौटको आधारहरु तपशिल वमोजिमको हुनेछ :-

१. समूह स्थानीय सरकारबाट वेरोजगार भएको हो भनी प्रमाणीत भएको ।
२. वेरोजगार युवा पशुपालन व्यवसायमा अभिरुचि भएको ।
३. पशुपालन व्यवसायमा प्राविधिक ज्ञान भएको वा परम्परागत प्रविधिबाट पशुपालन व्यवसायमा आबद्ध भएको ।
४. केही समय रोजगारीका लागि विदेश बसी फर्कि आएको ।
५. युवा समूहले सञ्चालन गर्ने व्यवसायको लागि छानिएको स्थान प्राविधिक दृष्टिकोणबाट उपयूक्त भएको ।
६. स्थानीय तहबाट व्यवसाय सञ्चालनका लागि उपयूक्त छ भनी सिफारिस गरिएको ।
७. तोकिएको लागत सहभागितामा बढी भन्दा बढी लागत सहभागिता गर्न इच्छुक भएको ।
८. सम्बन्धित प्राविधिक विषय अध्ययन वा तालिम लिइ वेरोगार भएका यूवालाइ विशेष प्राथमिकता दिइनेछ ।
९. १८ बर्ष देखि ४० वर्ष उमेर समूहका युवा युवतीले सहभागि हुन सक्नेछन् ।

९. वेरोजगार युवाहरुको समूहलाई लागत सहभागितामा सञ्चालन गरिने कार्यक्रमहरु र मापदण्ड देहाय वमोजिमको हुनेछ ।

| विषयगत व्यवसाय | अनुदानमा समावेश गरिने कार्यक्रम | कार्यक्रम खर्च सहयोग परिधि | कैफियत |
|---|---|---|---|
| व्यवसायिक भेडा/बाखा पालनको लागि समूहमा प्रति सदस्य १० भेडा/बाखा हुनु पर्ने र समुहमा कम्तीमा ५ जना सदस्य हुनु पर्ने | खोर निर्माण, आवश्यक मेशीनरी औजार, डिपिङ्ग ट्याङ्क निर्माण, बोका खरिद तथा ढुवानी, डाले घाँसको विरुवा, भुइ घाँस | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ६० प्रतिशत सम्म | स्थानीय दररेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| व्यवसायिक कुखुरा (लेयर्स) समुहमा कम्तीमा ५ जना सदस्य हुनु पर्ने | खोर निर्माण, आवश्यक मेशीनरी उपकरण, जैबिक सुरक्षा सम्बन्धी कार्यहरु | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ६० प्रतिशत सम्म | स्थानीय दररेट अनुसार स्टिमेट भएको हुनु पर्ने लेयर्स कम्तीमा ५०० र स्थानिय कुखुरा कम्तीमा ३०० भन्दा बढी पाल्ने क्षमता भएको हुनु पर्ने |
| व्यवसायिक बंगुर समूहमा कम्तीमा ५ जना सदस्य हुनु पर्ने | खोर निर्माण, आवश्यक मेशीनरी उपकरण, विर खरिद तथा ढुवानी, भुइ घाँस | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ६० प्रतिशत सम्म | स्थानीय दररेट अनुसार स्टिमेट भएको हुनु पर्ने , पाठापाठी उत्पादनको लागि कम्तीमा ५ माउ बंगुर पालेको हुनु पर्नेछ र मासुको प्रयोजनको लागि १५ बंगुर पालेको हुनु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| व्यवसायिक गाई/भैसी समूहमा कम्तीमा ५ जना सदस्य हुनु पर्ने | गोठ निर्माण, राँगो तथा साँढे खरिद तथा ढुवानी, मिल्कीङ मेसीन, मिल्क क्यान, ह्वील व्यारो डाले घाँस, भुइ घाँस | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टीमेटको अधिकतम ६० प्रतिशत सम्म | स्थानीय दररेट अनुसार स्टिमेट भएको हुनु पर्ने र कम्तीमा ५ गाई/भैसी पालेको हुनु पर्ने । |
| व्यवसायिक माछा पालन समूहमा कम्तीमा ५ जना सदस्य हुनु पर्ने | माछा पोखरी निर्माण | स्वीकृत वजेटको परिधी भित्र रही लागत स्टीमेटको अधिकतम ६० प्रतिशतसम्म | स्थानीय दररेट अनुसार स्टिमेट भएको हुनु पर्ने र कम्तीमा १ रोपनी जग्गामा पोखरी निर्माण गर्नु पर्ने । |
| सामुहिक चौरी पालनका लागि कम्तीमा ५० चौरी हुनु पर्नेछ । | चरन क्षेत्रको बाटो निर्माण, चौरीको लागि खानेपानी व्यवस्थापन, त्रिपाल, गमबुट, टर्च,मोवाइल सेट, विषालु झार नियन्त्रण, चरन क्षेत्र सुधार, चरन खर्कमा टहरा निर्माण, साना डेरी स्थापना, दुरविन खरिद | स्वीकृत वजेटको परिधी भित्र अधिकतम ६० प्रतिशतसम्म अनुदान सहयोग गर्न सकिने । | स्थानीय दररेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने । |

## परिच्छेद-५
## विविध

**१०. पुरस्कार तथा कार्वाहीको व्यवस्थाः** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ :-

क. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

ख. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

ग. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

घ. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्यत्र जे सुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

**११. बाधा अड्काउ फुकाउनेः**

क. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ

ख. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१२. कार्यक्रम प्राप्त गर्ने बेरोजगार युवा समूहको काम, कर्तव्य र अधिकारः**

क) कार्यक्रम सञ्चालन गर्न यस कार्यविधिको अनुसूची अनुसार सम्झौता गर्ने ।

ख) सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

ग) बिज्ञ केन्द्रले कार्यक्रम कार्यान्वयनको शिलशिलामा दिएको सुझावहरु पालना गर्ने ।

घ) कार्यक्रम जुन उद्देश्य प्राप्तीका लागी सञ्चालन गरिएको हो सोही अनुसारको कार्य प्रगति विवरण सम्बन्धित निकायमा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

ङ) बेरोजगार युवा समूहले सामुहिक रुपमा पशुपालन गर्नु पर्नेछ ।

# अनुसूची - १
# प्रस्ताव आव्हानको सूचनाको ढाँचा

यस भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ....... को आ.व. ..................... को बार्षिक स्वीकृत बेरोजगार यूवा लक्षित गाई/भैसी/भेडा/बाख्रा/बंगुर/कुखुरापालन कार्यक्रम सञ्चालन गर्नको लागि ................. जिल्लामा बसोबास गरेका कार्यक्रमले तोके अनुसारका ब्यक्ति/कृषक/समूह/समिति/सहकारी/निजी व्यावसायी र उद्यमीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ............ मा पेश गर्न हुन जानकारी गराईन्छ । प्रस्तावकहरुले सरकारी निकायबाट बिगत दुई आर्थिक बर्षमा एक लाख भन्दा माथीको नगद तथा बस्तुगत यस्तै प्रकृतिको कार्यक्रममा अनुदान सहयोग लिई सकेको भए छनौट प्रक्रियामा समाबेश गराईने छैन । बिस्तृत जानकारी लागि सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, .......... मा सम्पर्क राख्न हुन अनुरोध छ ।

**क. संलग्न हुनु पर्ने कागजातहरु**

१. आवेदन फाराम (अनुसुची २ अनुसारको)

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी

४. साविकका जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा कृषक समूह दर्ता भएको भए सोको प्रमाण प्रतिलिपी

५. संस्थागत भए संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण

६. अन्य प्राविधिक प्रमाण पत्र भए सोको प्रतिलिपीहरु

७. प्रस्तावकहरु बेरोजगार हो भनि पहिचान हुने संस्थागत सिफारिस पत्र

८. समूहका सदस्यहरूको परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि

९. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए दश बर्षसम्मको करार सम्झौता

# अनुसूची - २
# आवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू,
भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ..............

बिषयः- बेरोजगार युवा लक्षित बाखा/भेडा/गाई/भैंसी/कुखुरा/चौरी कार्यक्रममा प्रस्तावना पेश गरेको बारे ।

महोदय,

त्यस केन्द्रको मिति ............................... को प्रकाशित सूचना अनुसार हामीले यस आ.व.मा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बेरोजगार युवा लक्षित ............................. कार्यक्रम सञ्चालन गर्नको लागि र भईरहेको .............. व्यबसाय प्रर्वदन गर्न इच्छा भएकोले तपसिल बमोजिमका कागजात राखी यो निवेदन पेश गरेको/गरेका छु/छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता र मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने छु/ छौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा अनुरोध गर्दछु/छौ ।

<u>तपसिल</u>

१. आवेदन फाराम
२. कार्ययोजना सहितको प्रस्ताव
३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी
४. साविकका जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा कृषक समूह दर्ता भएको भए सोको प्रमाण प्रतिलिपी
५. संस्थागत भए संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण
६. अन्य प्राविधिक प्रमाण पत्र भए सोको प्रतिलिपीहरु
७. प्रस्तावकहरु बेरोजगार हो भनि पहिचान हुन संस्थागत सिफारिस पत्र
८. समूहका सदस्यहरुको परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि
९. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए दश बर्षसम्मको करार सम्झौता

## अनुसूची - ३ (क)

## संक्षिप्त कार्ययोजनाको ढाँचा

(१० लाखसम्मको लागि)

कृषक/समुह/ संस्थाको नाम, थरः .................................................................................

ठेगानाः  जिल्ला .................... गाउँ/नगरपालिकाः ........... गाउँ/टोलः ................ वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रमः ................................................ स्थानः .............................

सहयोग स्वरुप माग गरेका अनुदान रकमः .........................................................................

समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः .........................................................

समूहगत श्रमः ....................................................................................................

कार्यक्रमबाट उत्पादन हुने बस्तुः ...............................................................................

संभावित उत्पादन हुने पाठापाठीको परिमाणः ...................................................................

बजारयोग्य परिमाणः ..........................................................................................

व्यबसायले बातावरणमा नकारात्मक प्रभाव पार्छ कि पार्दैनः ........................................................

सम्पर्क टेलिफोन नम्बरः .......................................................................................

फार्म/समूह/सहकारी/कम्पनीको खाता रहेको बैंकको नामः ...........................................................

खाता नं. ...........................................................................................................

सञ्चालन गरिने कार्य विवरणः

| क्र.स. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग | साझेदारी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्भावित आर्थिक उपलव्धीहरुः ...............................................................................

आवेदन दिनेको नाम, थरः-

पदः-

दस्तखत

संस्था भए संस्थाको छापः-

मितिः-

## अनुसूची - ३ (ख)
## संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा
(१० लाख भन्दा माथिको लागि)

कृषक/संस्थाको नाम, थरः
ठेगानाः जिल्ला .................... गाउँ/नगरपालिकाः ........... गाउँ/टोलः ................ वडा नं. .......
सञ्चालन गर्न खोजेको कार्यक्रमः ................................................ स्थानः .............................
सम्पर्क टेलिफोन नम्बरः
कार्यस्थलको वातावरणीय अवस्था
क) अनुकुल ख) प्रतिकुल ग) सुधार गर्नु पर्ने
१.कार्यक्रमको कुल लागत रकमः ..............................................
क. पुँजीगत खर्च (भौतिक पुर्वाधारमा)
ख. चालु खर्च (अन्य कार्य सञ्चालनमा)
२.स्व लगानी क) नगद.रु ....... ख) ऋणको श्रोत नाम .....
ग) श्रमः
३. समूहको खाता रहेको वैकको नामः
खाता नं.

| क.स. | सञ्चालन गरिने क्रियाकलाप | इकाइ | परिमाण | कुल लगानी | अनुदान सहयोग | स्व लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | श्रमदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

कार्यक्रमबाट उत्पादन हुने सेवा वा बस्तुको विवरण

| क.स. | विवरण | इकाइ | क्षमता परिमाण | हालको अवस्था | | पहिलो बर्ष उपलव्धी | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

कार्य सञ्चालन कार्ययोजना

| सि.नं | कार्यक्रम | प्रथम महिना | दोश्रो महिना | तेश्रो महिना | चौथो महिना | पाचौ महिना | छैटौ महिना | सातौ महिना | ........ | अन्तिम महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

उत्पादित सेवा वा बस्तुको बजार विवरण

| क्र.सं. | बजार विवरण | दुरी कोष तथा सडक बाटो | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कोष | कि.मि. | कच्ची | पक्की | गोरेटो | |
| १ | स्थानीय बजार | | | | | | |
| २ | हाट वजार | | | | | | |
| ३ | संकलन केन्द्र | | | | | | |
| ४ | खुद्रा पसल | | | | | | |

कार्यक्रमबाट हुने उपलव्धीहरु

| क्र.सं. | विवरण | इकाइ | परिमाण | आम्दानी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | | दोश्रो बर्ष | | तेश्रो बर्ष | |
| | | | | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आवेदन दिनेको नामथरः-

पदः-

दस्तखतः

संस्था भए संस्थाको छापः-

मितिः-

# अनुसूची - ४

## कार्यक्रम छनौट मूल्याङ्कनको फाराम ढाँचा

| क्र.सं. | द.नं. | आवेदक को नाम ठेगाना | कार्य योजना (१५) | व्यवसाय को प्राविधिक सम्भाव्यता /उपयुक्त ता (३०) | पालिरहेको पशु संख्या वा पाल्न चाहेको पशु संख्या (१०) | आर्थिक सहभागिता (१०) | शैक्षिक योग्यता (५) | घाँस बिकास (२०) | बैदेशिक रोजगार बाट फर्केको (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची - ५
# सम्झौता पत्रको ढाँचा

भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, ................ को स्वीकृत कार्यक्रम अनुसार आ.व. ............. मा सञ्चालन हुने ................. लक्षित वर्ग .................. कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका श्री ...................................................कृषक/समूहहरु (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, .................... (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) बिच तपसिलका शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्धिपक्षीय सम्झौता भएको छ ।

**तपसिल**

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधिमा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि दिनु पर्ने अनुदान रकम कार्यविधिमा तोकिएका पदाधिकारीहरुको संयुक्त दस्तखतमा खोलिएको समूहको खातामा जम्मा गर्नेछ । खातामा जम्मा गर्दा पहिलो किस्ता वापत कार्यविधिमा तोकिए अनुसार पहिलो किस्तामा २० प्रतिशत, दोस्रोमा ३० प्रतिशत र अन्तिममा कार्य सम्पन्न भए पश्चात ५० प्रतिशत रकम उपलव्ध गराईनेछ । अन्तिम किस्ताको रकम फिल्ड भेरिफिकेशन पछि सम्झौता अनुसारको कार्य सम्पादन भए पछि मात्र उपलव्ध गराईनेछ ।

३. पहिलो पक्षबाट तोकिएको प्राविधिक विषयबस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

४. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि १० बर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कार्यवाही गरिनेछ । व्यबसायबाट उत्पादित बस्तुको बजार व्यबस्था दोश्रो पक्ष स्वयमले नै गर्नु पर्नेछ ।

५. यस कार्यक्रमबाट खरिद भएका मेशीनरी सामान र निर्माण सुधार गरिएका भौतिक पुर्वाधारहरुको मर्मत सम्भार दोश्रो पक्ष स्वयमले नै गर्नु पर्नेछ ।

६. पहिलो पक्षले नियमित रुपमा अनुदान प्राप्त गर्नेको अनुगमन गर्नेछ ।

७. दोश्रो पक्षले चौमासिक रुपमा प्रगति विवरण सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रमा बुझाउनु पर्नेछ ।

८. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।

९. भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रले आबश्यक ठानेका बिषय बस्तु थप हुन सक्नेछन् ।

१०. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आबश्यक कार्यवाही गरिनेछ ।

११. अन्य कुराहरु आपसी समझदारीमा सम्पन्न गर्नु पर्नेछ । कुनै विवाद भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

१२. पशुहरुको अनिबार्य बिमा गर्नु पर्नेछ 

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको तर्फबाट सही गर्नेको | कृषकको तर्फबाट |
| नामः- | नामः- |
| पदः- | पदः- |
| दस्तखतः- | दस्तखतः- |
| मितिः- | मितिः- |
| कार्यालयको छापः- | |

## अनुसूची - ६
## मध्यावधिक प्रतिवेदनको ढाँचा

कृषक/संस्थाको नाम, थरः ..............................................................................................
ठेगानाः जिल्ला .................... गाउँ/नगरपालिकाः ........... गाउँ/टोलः ................. वडा नं. .......
सञ्चालन गर्न खोजेको कार्यक्रमः ....................................... स्थानः .............................
पेश गरेको मितिः ..............................................................................................
अनुदान प्राप्त गरेको रकमः ..................................................................................
सहयोग स्वरुप प्राप्त भएको अनुदान रकमः ...................................................................
समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः................................................
समूहगत श्रमः ..................................................................................................
सम्पर्क टेलिफोन नम्बरः .......................................................................................
सम्पन्न भएका कार्य विवरणः

| क्र.स. | क्रियाकलाप | अनुदान खर्च | साँझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | **कूल खर्च** | | | |

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण
विज्ञ केन्द्र ......................... बाट पटक मिति
प्रदेश निर्देशनालय ................................ बाट पटक मिति
प्रदेश मन्त्रालय ................................ बाट पटक मिति
अन्य निकाय ...................................... बाट पटक मिति

पेश गर्नेको नाम थरः-
पदः-
दस्तखतः-

संस्था भए संस्थाको छापः-
मितिः-

## अनुसूची - ७
## अन्तिम कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

कृषक/संस्थाको नाम, थरः ....................................................................................................

ठेगानाः जिल्ला .................... गाउँ/नगरपालिकाः ........... गाउँ/टोलः ................ वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रमः ....................................... स्थानः .............................

पेश गरेको मितिः ......................................................................................................................

अनुदान प्राप्त गरेको रकमः ....................................................................................................

सहयोग स्वरुप प्राप्त भएको अनुदान रकमः ...................................................................

समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः...............................................

समूहगत श्रमः ...............................................................................................................

सम्पर्क टेलिफोन नम्बरः ..................................................................................................

सम्पन्न भएका कार्य विवरणः

| क्र.सं. | क्रियाकलाप | अनुदान खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कुल खर्च | | | |

कार्यक्रमबाट उत्पादन हुने सेवा वा बस्तुको विवरण

| क्र.सं. | विवरण | इकाइ | क्षमता परिमाण | पहिलो बर्ष उपलव्धी | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कार्यक्रमबाट भएका उपलव्धीहरु बुँदागत रुपमा

१.

२.

३.

४.

६.

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

| | | | |
|---|---|---|---|
| विज्ञ केन्द्र ......................... | बाट | पटक | मिति |
| प्रदेश निर्देशनालय ................................ | बाट | पटक | मिति |
| प्रदेश मन्त्रालय ................................ | बाट | पटक | मिति |
| अन्य निकाय ....................................... | बाट | पटक | मिति |

| | |
|---|---|
| पेश गर्नेको नामथरः- | संस्था भए संस्थाको छापः- |
| पदः- | मितिः- |
| दस्तखतः- | |

## अनुसुची - ८
## प्रतिबद्धता पत्र

.......................................समुह/समिति/सहकारी/फार्मको..........पदमा रहेको म श्री ...............................यो प्रतिबद्धता गर्दछुकी मैले ..............................................केन्द्रबाट .............................. व्यवसाय सञ्चालन गर्न मिति .....................मा प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गरी प्रस्ताव स्वीकृत भई कार्य योजनामा उल्लेखित भएका कार्यक्रमहरु र सम्झौतामा उल्लेख भएका शर्तहरुको पूर्ण रुपमा पालना गर्नेछु/छौं । सो कार्यक्रममा तोकिए अनुसारको लागत/उपलव्धी अन्य सेवा सुविधा कार्ययोजनामा तोकिए बमोजिम सहभागिता हुन सहमत छु/छौं । सोको पालना नभएमा प्रचलित कानुन बमोजिम गर्ने गराउने छु/छौं भनि यो प्रतिबद्धता पेश गराएको छु/छौं ।

**प्रतिबद्धता गनेको**

दस्तखतः

नामः

पदः

संस्थाको नामः छापः

मितिः